// नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, असार २३ गते २०५४ साल ( संख्या १३

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वन नियमावली, २०५१ को नियम ६२ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी २०४८ साल जेठ २७ गतेसम्म कटान भैसकेको निजी वनको सम्पूर्ण जातको काठ ओसारपसार गर्ने प्रयोजनको लागि निवेदन सुन्न र आवश्यक जाँचबुझ गरी निर्णय गर्न देहायबमोजिमको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकेको छ।

क. समितिको गठनः– समितिको गठन देहायबमोजिम हुनेछ ।

१) सम्बन्धित जिल्लाको जिल्ला वन अधिकृत —संयोजक

२) सम्बन्धित जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि —सदस्य

३) सम्बन्धित जिल्लाका मालपोत अधिकृत —सदस्य

ख. समितिको काम, कर्तव्य र अधिकारः– समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

१) समितिले निजी वनको कटान भैसकेको काठहरू ओसारपसार गर्न स्वीकृत दिंदा स्थानीय जिल्ला वन कार्यालयमा परेको निवेदन, प्रमाणहरू, कार्यालयमा रहेको अभिलेख र अदालतबाट भैरहेको निर्णयसमेत हेरी उचित देखिएमा ओसारपसार गर्न निर्णय दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२) समितिले निजी वनको काठ ओसारपसार गर्ने म्याद २०५४ माघ मसान्तभित्र गरिसक्ने गरी आदेश दिनु पर्नेछ।

३) समितिले गरेका निर्णयहरू सम्बन्धमा सम्बन्धित क्षेत्रको क्षेत्रीय वन निर्देशकले अनुगमन गर्नु पर्नेछ ।

खण्ड ४६ संख्या १ मिति २०५३।१।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठन गरिएको समिति विघटन गरिएको छ ।

आज्ञाले,
नारायणराज तिवारी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२८
मुद्रण विभाग, सिंहदरबार